गण्डकी प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

पोखरा, कास्की

प.सं.२०८२/०८३
च.नं.

मितिः २०८२/०६/०५

# यातायात व्यवस्था कार्यालयहरुको सेवा प्रवाह सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा मिति २०८२/०५/२३-२४ गते भएको जेन-जी आन्दोलनको क्रममा मन्त्रालय मातहत अन्तर्गत पोखरामा रहेका यातायात व्यवस्था कार्यालय सवारी तथा सवारी चालक अनुमतिपत्रका कार्यालयमा तोडफोड/आगलागी भई पूर्ण रुपमा ध्वस्त भएको तथा यातायात व्यवस्था विभागमा समेत तोडफोड तथा आगलागी भई यातायात क्षेत्रसँग सम्बन्धित EVRS तथा EDLVRS प्रणालीमा गम्भिर क्षति पुगि सो प्रणाली रिकभरको कार्य भइरहेकोले सवारी चालक अनुमतिपत्र सम्बन्धी सबै कार्य (लाइसेन्स नयाँ तथा थप आवेदन, नविकरण, लिखित तथा ट्रायल परिक्षा, ट्रायल पास तथा रिट्रायलको राजश्व भुक्तानी) हाललाई सूचारु गर्न नसकिएको ब्यहोरा जानकारी गराईन्छ । साथै गण्डकी प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय बाग्लुङ, डुम्रे र नवलपुरबाट सवारी साधन दर्ता, नामसारी, प्रतिलिपि, नविकरण, प्रदुषण चेकजाँच, पटके, रुट इजाजत लगायतका सेवाहरु सुचारु गरिएको हुँदा अत्यावश्यक सेवाग्राहीहरुले तत् तत् कार्यालयहरुबाट सवारी साधन सम्बन्धी सेवा लिन सकिने ब्यहोरा समेत जानकारी गराइन्छ । पोखरा स्थित यातायात व्यवस्था कार्यालयहरु मर्मत सम्भारको कार्य शुरु गरिएकोले मर्मत सम्पन्न भई EDLVRS प्रणाली सुचारु भएपश्चात पुन जानकारी गराइने ब्यहोरा अनुरोध छ ।

**पुनश्चः बिलबुक नविकरण, जाँचपास नविकरण सम्बन्धी कार्य पूर्वाधार विकास कार्यालय, स्याङ्जा, गोरखा तथा लमजुङबाट समेत हुने सूचित गरिन्छ ।**

प्रदेश सचिव

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"
फोन नं ०६१-५६५५३६ इमेलः monid@gandaki.gov.np/monid.pokhara@gmail.com